म.जि.प्र.का.द.नं. : १०६/०६८, वर्ष १४ अंक ३४८ मंगलबार, १३ साउन २०८२ ने. सं. ११४५ गुल्लाथ्व 29 July 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## क्यान्सर पीडितलाई आर्थिक सहयोग

हेटौँडा, १२ साउन/ नेपाली कांग्रेस राक्सिराङ गाउँपालिका-४ ले एक क्यान्सर पीडित पुरुषलाई २० हजार रूपैयाँ आर्थिक सहयोग गरेको छ । वडा सभापति बिकास ब्लोनका अनुसार क्यान्सर रोगी मकवानपुर राक्सिराङ गाउँपालिका-४ पन्जनीका ४० वर्षका लोक बहादुर थिङको उपचारका लागि उनको घरमै गएर २० हजार रूपैयाँ सहयोग गरिएको हो । मुखमा क्यान्सर देखा परेको थिङको किमो चढाउनु पर्ने भनेर डाक्टरले सल्लाह दिए पनि उनको उपचार हुन सकेको छैन । क्यान्सरको उपचार गराउँदै आएपनि आर्थिक अभावका कारण उपचारमा समस्या भएको जानकारी पाएपछि वडा समितिसंग सल्लाह गरेर केही पैसा संकलन गरेर २० हजार रूपैयाँ सहयोग गरेको सभापति ब्लोनले बताए । सभापति ब्लोनका अनुसार, आफ्नो वडाको विभिन्न टोलहरुमा रहेको विपन्न र गरिब रोगीहरुलाई वडा समितिले यसअघि पनि सहयोग गर्दै आएको बताए । साथै, उक्त आर्थिक रकम हस्तान्तरण कार्यक्रममा वडा सचिव टीकाराम थिङ, तरुण नेता मोहन मोक्तान (जोक), अमिन थिङ, अशोक गलानलगायत अन्यत्र पार्टी नेता एवम् तरुण नेताहरुको उपस्थित थियो ।

### बागमती कांग्रेस संसदीय दलको बैठक आज बस्ने

# मुख्यमन्त्रीको अभिव्यक्तिप्रति एमालेको आपत्ति

साझाकुरा संवाददाता

हेटौँडा, १२ साउन/ सोमबार दिउँसो १ बजेका लागि आह्वान गरिएको बागमती प्रदेशको कांग्रेस संसदीय दलको बैठक बस्दै नबसी स्थगित भएको छ ।

संसदीय दलका नेता एवम् मुख्यमन्त्री बहादुरसिंह लामा तामाङविरुद्धको अविश्वासको प्रस्ताव दर्ता भएपछि सोमबार आह्वान गरिएको संसदीय दलको बैठक मंगलबार बिहान १० बजे बस्ने गरी स्थगित भएको हो । मुख्यमन्त्री लामाविरुद्ध अविश्वासको प्रस्ताव दर्तापछि विवाद मिलाउन हेटौंडा आएका केन्द्रीय सदस्य राजेन्द्रकुमार केसी, मुख्यमन्त्री लामा र कांग्रेस प्रदेश सभापति इन्द्रबहादुर बानियाँ सँगको संयुक्त छलफलपछि बैठक मंगलबारका लागि सारिएको हो ।




लामाविरुद्ध कांग्रेसका २१ जना संसदले अविश्वासको प्रस्तावका लागि हस्ताक्षर गरेर प्रस्ताव दर्ता गरेका थिए । केही सांसद् हेटौंडा बाहिर रहेकाले मंगलबार विहानको लागि बैठक सार्न मुख्यमन्त्री लामाले आग्रह गरेका थिए । मंगलबारको बैठकमा अविश्वासको पक्ष र विपक्षको मतभार टुंगो लगाउने तयारी छ ।

सरकार गठन गर्दा १० महिनासम्म नेतृत्व गर्ने र १० महिना पूरा भएपछि लामाले बानियाँलाई सत्ता हस्तान्तरण गर्ने सहमति भएको दाबी गरिएको छ ।

इन्द्रबहादुर बानियाँलाई संसदीय दलको नेतामा पराजित गर्दा लामाले २१ मत पाएका थिए । त्यतिबेला बानियाँ १६ मतमा सीमित बने । मुख्यमन्त्रीको कार्यशैलीकै कारण अहिले परिस्थिति फेरिएको छ । अहिले बानियाँको पक्षमा २१ सांसद्ले हस्ताक्षर गरेका छन् । यो संख्यालाई मतदान प्रकृयासम्म टिकाई राख्न बानियाँलाई समेत चुनौती छ । सत्ताको लोभमा ३ सांसद्ले क्याम्प परिवर्तन गरे भने १९ मतसहित लामा संसदीय दलको नेता कायम रहनेछन् । संसदीय दलको नेता परिवर्तन नभएसम्म लामालाई मुख्यमन्त्रीबाट हटाउन सहज छैन ।

कांग्रेस संसदीय दलको विधानअनुसार दलको नेताविरुद्ध अविश्वासको प्रस्ताव दर्ता गराउन २५ प्रतिशत सांसद्को हस्ताक्षर भए पुग्छ । आर्थिक मामिला तथा योजना मन्त्री कुन्दनराज काफ्लेले ल्याएको बजेटमाथि पार्टीभित्रै असन्तुष्टि छ भने अन्य दलहरूले पनि विरोध गरेका छन् । असार १६ गतेदेखि २३ गतेसम्म चलेको कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा पनि बागमतीको बजेटबारे कुरा उठेको थियो । अराजक शैलीमा बजेट ल्याइएको भन्दै केन्द्रीय सदस्यहरूले आलोचना गरेका थिए ।

**प्रदेशसभा विघटन जस्तो सुझाव एमाले दिंदैन: पौडेल**

मुख्यमन्त्री बहादुरसिंह लामाले बागमती प्रदेशसभा विघटन गर्न सक्ने आफूसँग विकल्प रहेको प्रतिक्रिया दिएपछि एमालेले ध्यानाकर्षण गराएको छ । मुख्यमन्त्री लामाले एक सञ्चारमाध्यमलाई प्रतिक्रिया दिँदै प्रदेशसभा विघटन गर्ने आफूसँग विकल्प रहेको र सत्ता साझेदार दल नेकपा एमालेसहित सत्ता साझेदार दलहरूले पनि सोही अनुसारको सुझाव दिएको बताएपछि एमालेले आपत्ति जनाएको हो ।

नेकपा एमाले बागमती प्रदेश संसदीय दलका प्रमुख सचेतक मधुसूदन पौडेलले प्रदेशसभा विघटन गर्ने जस्तो घातक सुझाव नेकपा एमालेले कहिल्यै नदिएको र नदिने जानकारी गराए । त्यस प्रकारको गलत समाचारको कडा प्रतिकारका साथ एमालेले खण्डन गर्ने सचेतक पौडेलले बताए ।

'एमाले संधै राजनीतिक स्थायीत्व र सुशासनका लागि संघर्षरत् पार्टी हो । हाम्रो दल सोही उदेश्यका लागि नेपाली कांग्रेससँग मिलेर वर्तमान संयुक्त सरकारमा सामेल भएको हो । तसर्थ त्यस प्रकारको गलत र प्रतिगामी सुझाव नेकपा ( एमाले) ले नदिएको व्यहोरा जनसमक्ष जानकारी गराउँदै उक्त कपोलकल्पित र भ्रामक सन्देशको कडा प्रतिवादको साथ खण्डन गर्दछौं', पौडेलले भने ।

उनले नेपाली कांग्रेससँगको सहकार्य निरन्तर जारी रहने पनि जनाए । 'कांग्रेसबाट को मुख्यमन्त्री हुन्छ भन्ने हाम्रो सरोकारको विषय होइन । नेपाली कांग्रेसबाट जो मुख्यमन्त्री हुन्छ हामी तोकिएको समयसम्म सहयोग र समर्थन गर्छौं', उनले भने, 'तर, एमालेले प्रदेशसभा विघटन गर्ने घातक सुझाव कहिल्यै दिन सक्दैन र दिँदैनौं पनि ।' बागमती प्रदेशमा कांग्रेस र एमालेको गठबन्धनको सरकार छ । सरकारमा कांग्रेसले मुख्यमन्त्रीसहित आठ मन्त्रालयको नेतृत्व गरिरहेको छ ।

### अन्तर्राष्ट्रिय बुदो मार्सल आर्ट्स च्याम्पियनसिप-२०२५

## हेटौँडाका खतिवडाले जिते एक स्वर्ण र एक रजत




साझाकुरा संवाददाता

हेटौँडा, १२ साउन/ मकवानपुर क्योकुशिन कराँते संघका खेलाडी सुदर्शन खतिवडाले अजरबैजानको बाकु शहरमा सम्पन्न अन्तर्राष्ट्रिय बुदो मार्सल आर्ट्स च्याम्पियनसिप-२०२५ मा एक स्वर्ण र एक रजत पदक जितेका छन् ।

हेटौंडा उपमहानगरपालिका-१८ निवासी खतिवडाले ८५ केजी तौल समूहमा फुलकन्ट्याक्ट कराँतेतर्फ स्वर्ण पदक र किक बक्सिङतर्फ रजत पदक हासिल गरेका हुन् । साउन ८ देखि १२ गतेसम्म बाकु सहरमा आयोजना भएको उक्त प्रतियोगितामा नेपालको तर्फबाट प्रतिनिधित्व गर्दै खतिवडाले सहभागिता जनाएका थिए ।

सानै उमेरबाट क्योकुशिन कराँतेमा सक्रिय खतिवडाले यसअघि पनि राष्ट्रियस्तरका विभिन्न प्रतियोगितामा सहभागिता जनाउँदै उत्कृष्ट प्रदर्शन गरेका थिए ।

उनी हाल मकवानपुर क्योकुशिन कराँते संघका सल्लाहकार समिति सदस्य तथा नेपाल बालकुमारी क्योकुशिन करातेका केन्द्रीय सदस्यसमेत हुन् । खतिवडा मकवानपुरका एक सफल ब्यवसायी तथा युवामाझ परिचित छन् ।






साझाकुरा

## हाम्रो कुरा

# बागमतीमा कांग्रेसको किचलो

नेपाली कांग्रेस नेतृत्वको बागमती प्रदेश सरकार अहिले आन्तरिक शक्ति संघर्षको चपेटामा परेको छ । मुख्यमन्त्री बहादुरसिंह लामा र प्रदेश सभापति इन्द्रबहादुर बानियाँबीचको रस्साकस्सीले सरकार अस्थिरतातर्फ उन्मुख भएको छ । बजेटमा असन्तुष्टि झल्किएपछि संसदीय दलको नेताबाट लामालाई हटाउने प्रयासमा जुटेका बानियाँ पक्षका सांसदहरूले अविश्वास प्रस्ताव दर्ता गराइसकेका छन् । कांग्रेसकै कारण कांग्रेस नेतृत्वको सरकार संकटमा परेको यो अवस्था चिन्ताजनक मात्रै होइन, लोकतान्त्रिक मूल्य र स्थिर शासनको लागि खतरनाक संकेत पनि हो । बागमती प्रदेशमा कांग्रेसभित्रको यो आन्तरिक द्वन्द्व देउवा पक्षभित्रकै गुटीय असन्तुलनको उपज हो । यसले न केवल कांग्रेसको आन्तरिक एकतालाई असर गरिरहेको छ, तर सरकारको नियमित कामकाज, नीति कार्यान्वयन र प्रदेशको विकास प्रक्रियालाई पनि अवरुद्ध पार्ने जोखिम बढाएको छ । यस्तो बेलामा कांग्रेस केन्द्रले स्थिति सम्हाल्ने नाममा नेता राजनकुमार केसीलाई सहजीकरणको जिम्मा दिएको छ । तर, यो सहजीकरण केवल औपचारिकता नबनोस् भन्नेमा सबैको ध्यान जानु जरुरी छ ।

मुख्यमन्त्री लामा र बानियाँ दुवै नेताले व्यक्तिगत शक्ति, पद र प्रभावको लागि आफ्नो-आफ्नो खेमालाई एकताबद्ध गरिरहेका छन् । यता लामा मन्त्रालय बाँडफाँट र पद बाँडेर समर्थन जुटाउने प्रयासमा छन् भने बानियाँ पक्ष अविश्वासको प्रस्तावमार्फत नेतृत्व हत्याउने योजनामा छन् । दुबै पक्षको उद्देश्य नेतृत्व कब्जा गर्नु हो, जनताको सेवाभन्दा बढी सत्ताको रसास्वादनमा केन्द्रित देखिन्छन् । राजनीतिक अस्थिरता प्रदेश सरकारको कार्यक्षमता र जनहितका काममा प्रतिकूल असर पारिरहेको छ । विशेषतः बागमती जस्तो आर्थिक, प्रशासनिक र जनसंख्या दृष्टिले महत्वपूर्ण प्रदेशमा यस्ता खेलहरू निरन्तरता पाउनु दुर्भाग्यपूर्ण हो । यो सन्दर्भमा नेपाली कांग्रेसले तत्काल गम्भीर समीक्षा गर्न आवश्यक छ–के गुटगत स्वार्थका कारण सरकार नै ढाल्नु ठिक हो ? राजनीतिमा असहमति स्वाभाविक हो, तर त्यसलाई समाधान गर्ने तरिका जिम्मेवार र परिपक्व हुनुपर्छ । विधि र प्रक्रियाभित्र रहेर समस्या समाधान गर्नु उचित हो, तर शक्ति हत्याका लागि नैतिकताको सीमा नाघ्न थाले जनताको राजनीतिप्रतिको विश्वास नै खस्कन्छ । बानियाँ पक्षको प्रस्ताव पास भए पनि त्यसले प्रदेशको राजनीतिक स्थायित्वलाई सुनिश्चित गर्छ भन्ने ग्यारेन्टी छैन । किनभने सत्ता हत्यापछि पुनः अर्को गुट असन्तुष्ट हुने सम्भावना रहन्छ ।

यसै सन्दर्भमा, संसद् र दलको विधान अनुसार अविश्वास प्रस्ताव ल्याउनु विधिसम्मत प्रक्रिया हो, तर त्यो प्रक्रिया जनताको हितभन्दा स्वार्थको उद्देश्यले परिचालित भयो भने त्यसले लोकतन्त्रलाई नै खोक्रो बनाउँछ । त्यसैले, सबै पक्षले सत्ता संघर्षभन्दा माथि उठेर लोकतान्त्रिक मूल्य, जनताका अपेक्षा र स्थायित्वप्रतिको प्रतिबद्धतामा केन्द्रित हुन आवश्यक छ । अन्ततः, कांग्रेसले आफ्नो आन्तरिक गुटीय राजनीति समाधान गर्न नसके बागमती प्रदेशको सरकारमात्र हैन, पार्टीको नै छवि पनि गम्भीर संकटमा पर्न सक्छ । सहजीकरण, समन्वय र समझदारीको अभ्यास गरेर प्रदेशलाई स्थायित्व र जनमुखी नेतृत्व प्रदान गर्नु आजको प्रमुख आवश्यकता हो । पार्टीको व्यक्तिगत स्वार्थभन्दा पर रहेर प्रदेशको जनताको हितलाई प्राथमिकता दिने दूरदृष्टि अब आवश्यक भइसकेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८२ साउन १४ गते बुधबार ३० जुलाई २०२५ । षष्ठी, साउन शुक्लपक्ष । गुँल्लाध्व ११४५ ने.सं. । सूर्योदय ५:२६, सूर्यास्त ६:५२ । कल्की जयन्ती


## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : सहयोग गर्ने भावना आउनेछ | **तुला** | : मित्रसंग विवाद हुनसक्नेछ |
| **वृष** | : यात्राको लागि सुखद देखिन्छ | **वृश्चिक** | : धन खर्च हुनेछ |
| **मिथुन** | : रमाइलोको समय रहेको छ | **धनु** | : भेटघाटमा समय बित्नेछ |
| **कर्कट** | : शरीरमा समस्या देखिन सक्नेछ | **मकर** | : सम्पत्तिको खचपच हुनेछ |
| **सिंह** | : सामाजिक प्रतिष्ठा बढ्नेछ | **कुम्भ** | : सुखभोगको समय रहेकोछ |
| **कन्या** | : सानातिना अवरोध आइरहनेछ | **मीन** | : आर्थिक लाभ मिल्नेछ |

# मधेशमा जल संकटको प्रमुख कारण नै चुरे विनाश हो



✍ विजय सिंह



चुरे क्षेत्र मधेशको लागि आमा जस्तै हो । त्यहीं पानी पर्छ, रिचार्ज हुन्छ र त्यसले सिंचाइ तथा खानेपानीका लागि पानी प्रदान गर्छ । तर अहिले चुरेलाई मानिसहरूले जथाभावी उत्खनन, कटानी, आगजनी र चरिचरन गर्ने जस्ता कार्य गर्दै आएका छन्, जसका कारण चुरे क्षेत्रबाट पानी तलतिर रिचार्ज हुन पाएको छैन । रिचार्ज हुनका लागि चुरेको संरक्षण अनिवार्य छ । भारतीय सिमानादेखि चुरेसम्मको भूभागमा बाढीले पानीको प्रवाहलाई अवरुद्ध गरिदिएको छ । पहिले डुबानका कारण चुरे क्षेत्रको माटो बगाएर तल खेतमा थुप्रिने गर्थ्यो । तल होस् वा माथि, चुरेको संरक्षण सबैको दायित्व हो ।

हाल पानी तराईमा परेको छैन तर सिन्धुली र चुरे क्षेत्रमा भने अलिकति पानी परेको छ । त्यसैले 'पानी नै परेको छैन' भन्न मिल्दैन । त्यहाँ परेको पानीलाई तलतिर ल्याउन सके सिंचाइ तथा खानेपानीको समस्या समाधान गर्न सकिन्छ । अहिले देखिएको खानेपानीको हाहाकार अवस्था सधैं रहने होइन । सबै ठाउँमा समस्या पनि छैन । चुरे क्षेत्रको पानी संकलन गरेर तल ल्याउन सकिन्छ । साथै, अर्को विकल्प हो- डीप बोरिङ मार्फत सिंचाइ तथा खानेपानीको प्रबन्ध गर्नु । तर यो निकै खर्चिलो प्रक्रिया भएकाले व्यक्तिको हैसियतले गर्न सकिंदैन । यसमा सरकारको लगानी आवश्यक पर्छ । फेरि, यो तत्कालै हुने काम होइनह ८ देखि १० वर्ष लाग्न सक्छ ।

यद्यपि अहिलेसम्म मधेश प्रदेशमा डीप बोरिङ मार्फत पानी निकालिएको छैन, तर निकाल्ने हो भने तल प्रशस्त पानी छ । चुरे क्षेत्रमा अझै पनि पर्याप्त पानी छ, जुन जलेश्वर सम्म पनि बगेर जान्छ । उदाहरणको लागि, चीनको बेइजिङ वा भारतको राजस्थान जस्ता शहरमा वार्षिक ५-६ सय मिलिमिटर पानी पर्दा पनि व्यवस्थापन गरेर सबै ठाउँमा पानी पुर्‍याइएको छ । हाम्रो यहाँ त १५००-२००० मिलिमिटर पानी पर्दछ, तर पनि पानीको अभाव छ भने त्यसको प्रमुख कारण व्यवस्थापनको कमी नै हो । त्यसैले, चुरेको संरक्षण गर्न आवश्यक छ । चुरेबाट आएको पानी स्वाभाविक रूपमा तलतिर सर्छ, यदि त्यसलाई व्यवस्थापन गरेर संकलन गरियो भने मधेशमा सिंचाइ र खानेपानीको दीर्घकालीन समाधान सम्भव छ । सन् १९५४/५५ तिर तराई-मधेशमा मलेरियाको उन्मूलन कार्यक्रम लागू गरियो । मलेरिया नियन्त्रणसँगै पुनर्वास कार्यक्रम पनि शुरू भयो । त्यसबेलामा चितवन, नवलपरासी, हेटौंडा लगायतका वनजंगल फडानी गरेर बस्ती बसाल्ने काम नेपाल सरकारले गर्‍यो, जुन चुरे क्षेत्रको क्षयको सुरुआत थियो ।

त्यसपछि करिब ३० वर्षअघि पूर्व-पश्चिम राजमार्ग निर्माण गरिंदा पनि जंगल फडानी गरेरै बाटो बनाइयो । त्यसपछि पहाडी जिल्ला तथा अन्य स्थानबाट मानिसहरू सरेर त्यही क्षेत्रमा बस्न थाले । अहिले राजमार्ग वरिपरि ठूलठूला बस्ती बनेका छन्, जुन ३० वर्षअघिसम्म थिएनन् । चुरे विनाशको अर्को प्रमुख कारण डोजर र क्रसर उद्योग हो । पछिल्ला १०-१५ वर्षमा यस्ता भारी उपकरणहरूले चुरे क्षेत्रमा जथाभावी उत्खनन गरेका छन् । एकै ठाउँमा ५०-५० फिटसम्म गहिरो खनेर बालुवा र गिट्टी निकाल्ने काम भएको छ । उत्खननका लागि तोकिएको मापदण्ड विपरित गतिविधि हुँदा चुरेमा रहेको पानीको सतही तह भाँचिएको छ, जसका कारण पानी जमिनको भित्री भागमा फैलिन सकेको छैन ।

चुरे दोहनको अर्को कारण स्थानीय तहको संरचनात्मक परिवर्तनसँग जोडिएको छ । जबदेखि स्थानीय सरकारहरू गठन भए, तबदेखि खोलामा बालुवा-गिट्टीको ठेक्का लगाउने काम शुरू भयो । ठेकेदारहरूले डोजर लगाएर चुरे क्षेत्रका खोलाहरूमा जथाभावी उत्खनन गरे । यसले चुरे क्षेत्रलाई थप क्षति पुर्‍यायो ।

चुरे विनाशको मुख्य कारणमध्ये यिनै हुन् डोजर-क्रसर उद्योग, मापदण्ड विपरीत गहिरो उत्खनन, सतही जलस्रोतको विघटन र स्थानीय तह मार्फत 'अनकन्ट्रोल' ठेक्का प्रणाली । अन्य कारण जस्तै जथाभावी बाटो बनाउने, आगलागी, चरिचरन वा काठ कटानी यति गम्भीर छैनन्, ती तुलनात्मक रूपमा कम क्षतिकारक छन् ।

चुरे संरक्षित नहुने हो भने तराई-मधेश मरुभूमिमा रूपान्तरण हुन धेरै समय लाग्दैन । चुरेमा पानी पर्नु र जनकपुरधाममा पानी पर्नु फरक कुरा हो । उदाहरणका लागि, यदि जनकपुरमा १,१०० मि.मि. वर्षा हुन्छ भने चुरेमा त्योभन्दा बढी अर्थात् २,००० मि.मि. भन्दा बढी वर्षा हुन्छ । यसको कारण चुरे एक अग्लो डाँडा भएकाले हो । मनसुनको हावा जब चुरेको अग्लो डाँडामा ठोक्किन्छ, तब त्यो माथि उक्लिन्छ र चिसिएर वर्षाको रूपमा तल झर्छ । तर, तराई क्षेत्रमा त्यस्तो भौगोलिक संरचना छैन । त्यहाँ अग्लो भनिने भनेको रूख मात्रै हो, जसले त्यस्तो प्रभाव पार्न सक्दैन ।

यदि चुरेको डाँडा काटियो भने मधेशमा पानीको स्रोत समाप्त हुन्छ । खेतका लागि लालपुर्जा त हातमा हुनेछ, तर खेत नै खोलामा परिणत भइसकेको अवस्था आउनेछ । मधेशलाई जीवन्त राख्न चुरेको अस्तित्व अत्यन्तै आवश्यक छ । यद्यपि नेपाल सरकारले चुरे क्षेत्रलाई संरक्षण क्षेत्र घोषणा गरेको छ, तर त्यसको कार्यान्वयन प्रभावकारी रूपमा हुनसकेको छैन । संरक्षणको घोषणा मात्रै पर्याप्त हुँदैन, त्यसको कडाइका साथ पालना र निगरानी अत्यावश्यक छ ।

जस्तो हाम्रो शरीरका आँखा, कान, मुटु, टाउको जस्ता अंगहरू संवेदनशील अंगहरू छन् त्यस्तै, चुरे पनि तराई-मधेशका लागि एक अत्यन्त संवेदनशील क्षेत्र हो । तर, यति संवेदनशील क्षेत्रको संरक्षण गर्नुको सट्टा स्थानीय तहहरूले उल्टै डोजर लगाएर जथाभावी चुरेको दोहन गरिरहेका छन् ।

मैले चुरे क्षेत्रका खोलानदीबाट बालुवा-गिट्टी निकाल्नुहुँदैन भनेको होइन, निकाल्नै पर्छ । तर त्यसको मापदण्ड हुनुपर्छ । कति निकाल्ने ? कहाँबाट निकाल्ने ? कति गहिरो खाल्डो खन्ने ? यस्ता विषयहरूमा स्थानीय तह वा सरकारी संयन्त्रबाट स्पष्ट नियमन हुन आवश्यक छ । यदि जथाभावी बालुवा-गिट्टी निकालियो भने लाखौं वर्षमा बनेको पानीको लेयर, च्यानल नष्ट हुन सक्छ । त्यसको असर स्वरूप अहिले जमिनमुनि रिचार्ज हुनै नसकिरहेको अवस्था आएको छ ।

चुरेमा वनजंगल लगाउनै पर्दैन भन्ने होइन, संरक्षण गर्नुपर्छ । वनजंगल लगाउँदा अझ राम्रो हुन्छ । चुरे क्षेत्रमा बास, बावी, सावे जस्ता बहुउपयोगी घाँसहरू प्रशस्त पाइन्छन्, जुन चुरेको रैथाने वनस्पति हुन् । यिनीहरू आफैं उम्रने वनस्पति हुन्, जसले चुरेको माटोलाई संरक्षण गरेर राख्छन् । तर अहिले अवस्था उल्टो छ– सबैले चुरेमा रहेका रूखबिरुवा काटिरहेका छन्, संरक्षण कसैले गरिरहेको छैन । यसबाहेक, मधेश प्रदेश सरकारले चुरे संरक्षण गर्नुको सट्टा आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा चुरे क्षेत्रबाट बालुवा-गिट्टी निकासी गर्ने नीति ल्याएको छ । अब भन्नुहोस्, सरकारले यस्ता नीति ल्याउँछ भने चुरे संरक्षण कसरी हुन्छ ? पैसा कमाउने नाममा मधेशको आमा सरहको चुरेलाई बेचेर त हुँदैन नि !

*(साभार: अनलाइनखबर)*

# मनसुनजन्य विपद्को पूर्वतयारी

✍ नवराज पोखरेल

मनसुन शुरुवातसँगै वर्षाको मात्रा बढ्दै गएको छ । यो वर्षा औसतमा भनिएबमोजिम छैन । यो क्रम पछिल्ला वर्षहरुमा बढ्दै गएको तथ्यांकले देखाएको छ । नेपालको जलवायुको सामान्य ज्ञानले बताउँछ कि नेपालमा मनसुन जुन महिनाको १० तारिखदेखि शुरु भएर झन्डै ४ महिना रहने गर्दछ । तर अहिलेको मनसुन मेको ३० तारिखदेखि नै नेपाल छिरेको हो । बङ्गालको खाडी हुँदै पूर्वतर्फबाट आउने मनसुनको समयमा कुल वार्षिक वर्षाको ८० प्रतिशत पर्ने गर्दछ । यो समय नै खेती बाली लगाउने समय हो । जलवायुजन्य विपद्ले उल्लेख्य क्षति गर्ने समय पनि हो यो ।

**मनसुन अवस्था** :

यस वर्षको प्रि-मनसुन शुरु भएसँगै मनसुन भित्रिने अवस्थामा पुगेको छ । यस वर्षको मनसुनबाट मुलुकमा ४ लाख ५० हजार घरका २० लाख नागरिक प्रभावित हुने अनुमान गरिएको छ । मौसम विज्ञान विभागको पूर्वानुमानका आधारमा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सबै विषयवस्तुको विश्लेषण गरी तयार पारेको प्रस्तावित मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, २०८२ मा उक्त अनुमान गरिएको हो । प्रभावितमध्ये १० प्रतिशत मानिसलाई उद्धार र राहत गर्नुपर्ने अवस्था आउन सक्ने आँकलनसहितको कार्ययोजना निर्माण गरिएको प्राधिकरणले जनाएको छ ।अबको मनसुनमा २० लाख मानिस प्रभावित हुने आँकलन गर्दै देशका सबै प्रदेश प्रभावित हुने आँकलन पनि छ, त्यही अनुसारका तयारी गर्न क्षेत्रगतरूपमा जिम्मेवारी तोकेर सबै सरोकारवालालाई तम्तयार रहेर बस्न अनुरोध गर्नुपर्ने देखिन्छ । भनिएको छ, 'मौज्दात सामग्री के छ, कति थप आवश्यक पर्दछ भन्ने सबै विषय आँकलन गरेर कार्ययोजना तयार पारिएको छ ।'

यसरी हेर्दा यो वर्षाको मनसुनमा नेपाली पहाडी क्षेत्रमा औसतभन्दा धेरै वर्षा हुने देखिएको छ । वर्षाको मापन २४ घण्टामा १०० मिलिलिटरभन्दा धेरै वर्षा भएको खण्डमा हाम्रो भूगोल तथा भूगर्भ विपद्को कारक बन्न सक्छ । त्यसबाहेक जलवायु परिवर्तनको एउटा असरको रुपमा वर्षाको प्रकृति पनि हो । वर्षा हुने मौसममा अधिक वर्षा हुने तथा छोटो समयमा धेरै मात्रामा हुने वर्षा याने कि अतिवृष्टिको क्रम बढेको कुरा जल तथा मौसम विज्ञान विभागको तथ्यांकले बताउँछ । त्यसकारण पनि पछिल्लो समय हुँदै गरेको वर्षाको प्रकृतिले गर्दा यो वर्षाको मनसुनलाई अलिक सावधानीपूर्वक हेर्नुपर्ने देखिन्छ ।

अरु औसत मनसुनभन्दा अहिलेको मनसुनमा सावधानी अपनाउनुपर्ने कारणहरु छन् । मूलतः वर्षाको मात्रा अघिल्लो अथवा औसतभन्दा धेरै हुने भनी दक्षिण एसियाली मनसुन फोरम तथा जल तथा मौसम विज्ञान विभागको अनुमान छ । यो वर्षको मनसुनको समयमा औसतभन्दा बढी पानी पर्नुले नै विपद्को सम्भाव्यता बढाउने गर्दछ ।

**पूर्वतयारी** :

यसअन्तर्गत सम्भावित विपद्को कारण हुन सक्ने क्षतिलाई कम गर्न गरिएका पूर्वतयारीका कार्यहरु पर्दछन् । विपद् भइहालेको खण्डमा गर्न सकिने उद्धारको लागि पूर्वअभ्यास तथा आवश्यक पर्ने सामग्री तथा भौगोलिक अवस्था अनुरुप यातायातका साधानहरुको उपलब्धता तथा तिनीहरुको उचित अवस्थासहित तयारी अवस्थामा राखिरहनुपर्दछ । जोखिम सम्भावित स्थानहरुमा जल तथा मौसम विज्ञान विभागको समन्वयमा जलीय तथा मौसमी अवस्थाको विश्लेशण गरी पूर्वसूचना प्रणालीलाई चुस्त-दुरुस्त राख्नुपर्दछ । माथिल्लो तटीय क्षेत्रमा भएको जलीय अवस्थामा जोखिम देखिएको अवस्थामा तल्लो तटीय क्षेत्रमा बसोबास गर्ने जनमानसलाई तुरुन्तातुरुन्ती खबर गरी उद्धार गर्न सक्ने गरी तयारी हुनुपर्दछ । त्यसबाहेक उद्धारको लागि एउटा छुट्टै अवधारणा लागू गर्न आवश्यक देखिन्छ ।

मनसुनसँग सम्बन्धित प्रमुख विपद्, पहिरो र डुबान हुने सम्भावना भएका क्षेत्रहरू पहिचान गर्नु पूर्वतयारीको पहिलो चरण हो । नेपाल सरकारका विभिन्न निकायहरू जस्तै- राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विभाग, भूगर्भ विभाग आदिले पहिल्यै जोखिमयुक्त क्षेत्रहरूको अध्ययन गरिसकेका छन् । यी जानकारीलाई अद्यावधिक गर्दै प्रत्येक स्थानीय तहले आफ्नो क्षेत्रभित्रका उच्च जोखिमयुक्त बस्ती, विद्यालय, स्वास्थ्य चौकी, सडक र अन्य पूर्वाधारहरूको विवरण संकलन गर्नुपर्छ ।

डिजिटल नक्सा र भूउपग्रह चित्रहरूको सहायताले जोखिमको पूर्वमानचित्र तयारी गर्नु आगामी विपद् व्यवस्थापनमा सहयोगी हुन्छ । मनसुनको समयमा एकछिन्मा भारी वर्षा हुन सक्ने भएकाले प्रभावकारी पूर्वानुमान प्रणाली अपरिहार्य हुन्छ । मौसम विभागले दिने सूचना, जल सतहको अनुगमन र नदी प्रवाहको मूल्यांकन समयमै गर्न सक्नुपर्ने हुन्छ । यसका लागि प्रारम्भिक चेतावनी प्रणालीलाई सबै जोखिमयुक्त क्षेत्रमा विस्तार गर्नुपर्छ । स्थानीय जनतालाई मोबाइल सन्देश, रेडियो, टेलिभिजन र सामाजिक सञ्जालमार्फत ताजा मौसम जानकारी उपलब्ध गराउने संयन्त्र बलियो बनाउनुपर्छ । बहु-स्रोतबाट सूचना प्रवाह हुने व्यवस्था गर्दा जनताको विश्वास पनि बढ्नेछ ।

प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन समिति गठन गरिनुपर्छ, जसमा जनप्रतिनिधि, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, शिक्षकमात्र नभई स्थानीय समुदायका अगुवा, महिला, दलित र युवाको समेत प्रतिनिधित्व हुनु आवश्यक छ । यसले निर्णय प्रक्रियामा सहभागिता बढाउँछ र सबै वर्गलाई समेटेर विपद् प्रतिकार्य प्रभावकारी बनाउँछ । युवाहरूलाई स्वयंसेवकको रूपमा तालिम दिएर तैनाथ गर्न सकिन्छ । यसले सूचना प्रवाह, राहत वितरण, खोज-उद्धारमा महत्वपूर्ण भूमिका खेल्न सक्छ ।

मनसुनको समयमा जोखिमयुक्त बस्तीहरूबाट सुरक्षित स्थानतर्फ सार्ने आवश्यकता पर्न सक्छ । त्यसैले प्रत्येक स्थानीय तहले सुरक्षित स्थानहरूको पहिचान गरी अस्थायी आवास (राहत शिविर), खानेपानी, शौचालय, औषधोपचार, विद्युत्, सञ्चार सुविधासहितको पूर्वाधार तयार गर्नु आवश्यक हुन्छ । पुराना विद्यालय भवनहरू, सार्वजनिक हलहरू वा खुला स्थलहरूलाई आपतकालीन आश्रय स्थलको रूपमा उपयोग गर्न सकिन्छ । साथै तिनको पूर्वतयारी समयमै गर्नुपर्नेलगायत संकटको बेला यी संरचनाहरू अपुग हुन सक्छन् । मनसुनका समयमा आवागमन अवरुद्ध हुन सक्ने भएकाले बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा पहिले नै आवश्यक औषधि, खाद्यान्न, लुगाफाटो, शुद्ध खानेपानी, प्राथमिक उपचार सामग्री आदिको भण्डारण गरिनु आवश्यक हुन्छ । विशेष गरी गर्भवती, सुत्केरी, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्तिका लागि आवश्यक विशेष सामग्रीको व्यवस्था गर्नुपर्छ । सरकारी गोदामसहित स्थानीय सामुदायिक भण्डारण केन्द्रहरू निर्माण गर्न सकिन्छ । विपद् आइपरेपछि सबैभन्दा महत्वपूर्ण कुरा सूचनाको प्रवाह र समन्वय हो ।

जिल्ला विपद् व्यवस्थापन समिति, पालिका स्तरीय विपद् समिति, सुरक्षा निकाय, स्वास्थ्य संस्था, सञ्चारमाध्यमहरू र नागरिक समाजबीच समन्वय आवश्यक छ । यसका लागि स्पष्ट जिम्मेवारी तोकिएको कार्ययोजना बनाइनुपर्छ । कुनै निकायले काम दोहोरो नगरोस् वा कतै कामै नहुने हो कि भन्ने सुनिश्चितता प्रदान गर्न घटना आदेश प्रणाली लागू गर्न सकिन्छ । बाढी नियन्त्रणका लागि नदीकिनारमा बाँध, तटबन्ध, ग्याबिन पर्खाल आदिको निर्माण र मर्मत समयमै गरिनुपर्छ । सडक, पुल, विद्यालय, अस्पतालजस्ता पूर्वाधारहरूलाई प्राकृतिक प्रकोप सहन सक्ने गरी बनाइनुपर्छ । वर्षा-पानीको व्यवस्थापन, ढल प्रणालीको सफाइ, जथाभावी निर्माणको नियन्त्रण र हरियाली विस्तार (बायो-इन्जिनियरिङ) का उपायहरू समयमै गर्नु आवश्यक हुन्छ । यसले बाढी, पहिरोलगायतका विपद् न्यूनीकरणमा सहयोग पुर्‍याउँछ ।

मनसुनसँगै हुने विपद्को मूल जड पर्यावरणीय असन्तुलन र जलवायु परिवर्तन पनि हो । त्यसैले दीर्घकालीनरूपमा प्राकृतिक स्रोतहरूको संरक्षण, वनक्षेत्र विस्तार, जलसम्पदा व्यवस्थापन, माटो संरक्षण, कृषि प्रणालीको परिमार्जनलगायतका उपायहरू अनिवार्य छन् । जलवायु सापेक्ष स्थानीय योजनामार्फत समुदायमै वातावरणमैत्री अभ्यासहरूको प्रवर्द्धन गर्नु सान्दर्भिक हुन्छ । विपद्को बेला तत्काल प्रयोग गर्न सकिने आपतकालीन कोष राख्नु आवश्यक छ । प्रत्येक स्थानीय तहमा आपतकालीन राहत कोषको व्यवस्था गरिनुका साथै सरकारी निकायहरूले पूर्वस्वीकृत बजेट छुट्याउनुपर्छ । साथै किसान र गरिब परिवारका लागि बाली तथा पशु बिमा प्रणाली, घर र सम्पत्तिको विपद् बिमा प्रवर्द्धन गर्नु दीर्घकालीन सुरक्षा उपाय हो ।

**स्थानीय, प्रदेश र संघबीच समन्वय** :

विपद्सँगको अनुभव, भीड व्यवस्थापन तथा अन्य अनुभवले के बताउँछ भने, स्थानीय सरकार र सरोकारवालाहरु नै विपद् उद्धारको पहिलो उद्धारक हो । उद्धारको मूल मर्मलाई हेरेर विपद्सम्बन्धी सबै सरोकारवालाहरुले बुझ्नुपर्ने कुरा के हो भने, स्थानीय सरकारलाई उद्धारको प्राथमिक प्रविधि उपकरण र अन्य व्यवस्थापनका कुराहरूबाट सुविधा सम्पन्न बनाउनुपर्दछ । नेपालको पहाडी क्षेत्रमा धेरै सावधानी अपनाउनुपर्ने पहिरो हो भने समथर क्षेत्रमा चाहिँ बाढी तथा त्यसबाट हुन सक्ने प्रभाव र असरको उद्धार एवं व्यवस्थापन हो ।

त्यसकारण यो पूर्वतयारीको पहिलो खाका स्थानीय सरकारबाट शुरु हुनुपर्दछ । स्थानीय सरकारले आफ्नो सम्पूर्ण क्षेत्रको जोखिम पहिचान गरी तत्-तत् स्थानमा हुन सक्ने सम्भावित खतरा, त्यसको क्षतिको आँकलन गर्दै सुरक्षित दस्ता, प्रविधि, उपकरण तथा दक्षता तत्काल उद्धारको लागि तयार गरेर राख्नुपर्दछ । स्थानीय सरकारले प्राथमिकरुपमा उद्धार गर्न सकेमा मात्रै पनि धेरै मानिसको जीवन र धनको क्षतिलाई रोक्न सकिनेछ । त्यसबाहेक अलिक जटिल र थप प्राविधिक सहयोगका लागि प्रदेश तथा संघसँग समन्वय आवश्यक छ । संघीयरुपमा रहेका मन्त्रालय विपद् व्यवस्थापन प्राधिकरण, जल तथा मौसम विज्ञान विभाग, अन्य सरोकारवाला निकायले आ-आफ्नो प्राविधिक पक्षबाट गृह मन्त्रालयअन्तर्गतका पुलिस, सैनिक, अन्य निकाय झनै चनाखो भएर रहनुपर्ने देखिन्छ । गृह मन्त्रालयको उद्धार हेर्ने निकायले आफ्नो तर्फबाट मनसुनको समयमा विपद् उद्धारको उपयोगी योजनासहित तयारी अवस्थामा रहनुपर्ने देखिन्छ ।

मूलतः विपद्भन्दा पूर्वको अवस्थामा, विपद्को समयमा तथा विपद्भन्दा पछाडि के कसरी तयारी गर्ने, उद्धारमा समन्वय गरी एउटा प्रणालीबाट परिचालन गर्ने हो भने पहिले नै कार्ययोजना बनाउनुपर्ने हुन्छ । पछिल्लो अनुभवले के पनि देखाएको छ भने, कतिपय विकासे आयोजनाहरु जहाँ धेरै कामदार काम गरिरहेका हुन्छन्, त्यस्ता स्थानमा पनि ठूलो क्षति एकैपटक हुने गरेको देखिएको छ । जलविद्युत् निर्माण, सडक तथा पुल निर्माणस्थलमा थुप्रै क्षति भएको तथ्यांक भेटिएको छ । त्यस्तो अवस्थामा मनसुनको समयमा कसरी व्यवस्थापन गर्न सकिन्छ ? तत् स्थानको पूर्वसूचना कसरी पाउन सकिन्छ र त्यसको जानकारी काम गरिरहेका कर्मचारीसम्म कसरी पुर्‍याउन सकिन्छ ? त्यसको कार्ययोजना हुनुपर्दछ ।

(साभार: न्यूज अफ नेपाल)

# स्टार्टअपमा झुम्दै युवा



काठमाडौं/पछिल्लो समय नेपाली 'शार्क' ले सामाजिक सञ्जालमा 'एकछत्र राज' गरिरहेका छन् । उनीहरूका कुरा आम जनसम्म सुनिन थालेका छन् । यसअघि यदाकदा उपस्थिति जनाए पनि आम जनमानसमा खासै चर्चा हुने गरेका थिएनन् । तिनै व्यवसायीले अहिले भुइँ तहसम्मै प्रभाव पारेका प्रशस्त उदाहरण सञ्जालमा छरपस्ट छन् ।

'ठाउँको ठाउँ चेक काटेर दिने रहेछ नि ! त्यो पनि लाख-करोड,' पहिलोपटक शार्क ट्यांक हेरेका नेपाली दर्शकका यस्ता प्रतिक्रियाले पनि यसको प्रभाव देखाउँछ । त्यसैले होला यसले उद्यमशिलताको जग भुइँतहमा गाड्न सफल हुने आकलन गरिएको छ । यद्यपि, यसमा 'थिर थिर' गर्दै आफ्नो खुट्टामा उभिन थालिसकेका व्यवसाय देख्न पाइन्छ । 'रअ आइडिया' भन्दा पनि केही व्यावहारिक प्रयोग गरिसकेका आइडिया नै यो स्टेजमा देखिन्छन् । जे-जस्तो भए पनि यसले आमयुवालाई आशावादी बनाएको छ ।

युवा आईटी उद्यमी विवेक कोइराला लेख्छन्, 'जब म विद्यार्थी थिएँ, शार्क ट्यांक अमेरिका र अष्ट्रेलियाबाट निकै प्रभावित थिएँ । यो कार्यक्रममा उद्यमीहरू आफ्नो व्यापारमा लगानी उठाउन एन्जल लगानीकर्ता (शार्कहरू) समक्ष आउँछन् । शार्कले उनीहरूको व्यापार राम्रोसँग बुझ्न प्रश्न गर्छन्, आलोचना गर्छन्, सुझाव दिन्छन्, र आफैँ लगानी गर्ने कि नगर्ने निर्णय गर्छन् । यो मेरो लागि निकै प्रेरणादायक थियो, किनकि मैले यसबाट व्यापार, लगानी, लेखा, रणनीति सिक्ने अवसर पाउनुको साथसाथै भविष्यमा आफ्नै स्टार्टअप सुरु गर्ने सपना देख्न थालेँ ।'

चिया गफमा होस् या अन्यत्र, युवा पुस्ता यसबारे चर्चा गरिरहेका भेटिन्छन् । यसरी पछिल्लो समय नयाँ पुस्ता 'स्टार्टअप' कल्चरमा मस्त झुमेका छन् । जस्तो, विराटनगरका कुनाल साह पढाइसँगै स्टार्टअप गर्दैछन् । १८ वर्षकै उमेरमा सुरु भएको स्टार्टअपप्रतिको लगावलाई उनले छोडेका छैनन् । बरु क्रमशः झन्झन् राम्रो हुँदैछ ।

पढाइको हिसाबमा पनि साह सुरुमा स्नातक तहमा बीसीए ( कम्प्युटर एप्लिकेसन) पढ्न भर्ना भएका थिए । तर उक्त विषय पढ्दै व्यवसाय गर्न सोचेजस्तो सहज भएन । दोस्रो सेमेस्टरमा पुगेर ड्रपआउट भए । बीबीएस, उनको नयाँ शैक्षिक यात्राको सारथि बन्यो । बीबीएस पढ्दा वार्षिक रूपमा परीक्षा हुन्थ्यो । त्यसैले उनले स्टार्टअपलाई मज्जाले समय दिन भ्याए । विराटनगरको महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पसमा काठमाडौंदेखि परीक्षा दिन पुग्छन् । परिवारको पनि राम्रो साथ रहेको छ । स्टार्टअप गर्दै पढ्ने कुरालाई सबैले साथ-सहयोग नै गरिरहेको उनको अनुभव छ ।

साह 'साथी एडटेक प्राइभेट लिमिटेड' अन्तर्गतको 'इन्टर्न साथी' र 'ट्यालेन्ट साथी' कम्पनी सञ्चालन गर्छन् । यी कम्पनीले जनशक्ति व्यवस्थापनमा सघाउँछ । जागिर खोज्ने र दिनेबीचको सेतु बनेको यही कम्पनीको सीईओ हुन्, साह । 'जति ठूलो भए पनि कम्पनीहरूलाई मान्छे हायर गर्नै गाह्रो हुने रहेछ । सुरुमा प्लाटफर्मको लागि इन्टर्न साथी ल्यायौं । तर विस्तारै सर्भिस पनि दिनुपर्छ भन्ने लागेपछि ट्यालेन्ट साथी ल्यायौं । अहिले हामीले कम्पनीहरूमा जनशक्ति प्लेसमेन्ट गर्ने सेवा दिन्छौं,' साहले भने, 'हाम्रो मुख्य टार्गेट चाहिँ प्रविधि (आईटी) अनि मध्यमस्तरका कम्पनी नै हो ।'

२६ वर्षीय विवेक न्यौपानेले पनि आफ्नो स्टार्टअप 'एग्री रुट्स' मार्फत नेपालको स्थानीय खानालाई ब्रान्डिङ गरेर विश्व बजारमा पुऱ्याउने सपना बोकेका छन् । तीन महिनाअघि मात्र सुरु भएको यो स्टार्टअपले नेपालको परम्परागत खानालाई आधुनिक बजारमा ल्याएर नयाँ पहिचान दिन थालेको छ । विवेकको स्टार्टअप 'एग्री रुट्स'को पहिलो उत्पादन हो- ठेकुवा । मिथिलाको परम्परागत मिठाइ, जुन छठ पर्वमा विशेष रूपमा खाइन्छ, यो ब्रान्डको रूपमा स्थापित थिएन । 'हामीले बजारमा एउटा 'ग्याप' देख्यौं,' उनले भने, 'ठेकुवाजस्तो स्वादिलो र सांस्कृतिक महत्व बोकेको खाना सबैले चिन्नुपर्छ । हाम्रै सुदूरपश्चिमदेखि विश्व बजारसम्म ।'

विवेकका अनुसार उनले यो परम्परागत मिठाइलाई सुरुवातमा दुई स्वादमा ल्याए- ओरिजिनल र चिनीरहित (सुगर-फ्री) । यसबाहेक, 'एग्री रुट्स'ले मल्टिग्रेन सातु, चना सातुलगायतका लोकल खानेकुरा पनि बजारमा ल्याएको छ । यी उत्पादनहरूले स्थानीय कच्चा पदार्थ र परम्परागत स्वादलाई प्राथमिकता दिँदै स्वस्थ र अर्गानिक खानालाई प्रवर्द्धन गर्ने उनको विश्वास छ ।

'फुड टेक्नोलोजी' पढेका विवेकको अनुभवले पनि यसले सफल सुरुवात थालिसकेको छ । स्नातक सकेपछि 'हाइलाइफ फुड्स' मा इन्टर्नका रूपमा काम सुरु गरे, जहाँ क्वालिटी एस्युरेन्स अफिसरको रूपमा बढुवा गरियो । त्यसपछि उनले सास्ना बिस्कुट र पहाडी फुड्सजस्ता कम्पनीहरूमा काम गरे । सेल्स, मार्केटिङ, ब्रान्डिङ, आपूर्ति श्रृंखला (सप्लाई चेन) र उत्पादन व्यवस्थापनको अनुभव हासिल गरे । यिनै अनुभवले आफ्नो स्टार्टअप हुर्काउन र टिकाउन सकिने विश्वास उनको छ ।

'म मात्र हैन, पछिल्लो समय युवाहरू यहीं स्टार्टअप गरौं, उद्यमशिलतामा भिजौं भन्ने धेरै छन् । घरका सबै विदेश जाँदा म पनि यहाँ टिकेर केही गर्नुपर्छ भनिरहेको छु । हामी युवामा एकखाले स्टार्टअप कल्चरको विकास हुँदै गएको छ,' विवेकले भने ।

यसबाहेक पठाओ नेपाल, दराज, आईएमई खल्ती, ईसेवा लगायतका स्थापित स्टार्टअपहरूले पनि नयाँ पुस्तालाई यसप्रति आकर्षण थप्न मद्धत पुगेको देखिन्छ । स्टार्टअप गर्ने अधिकांशले अगाडिका सफल स्टार्टअपबाट प्रभावित भएर आफूले नयाँ आइडियालाई व्यवसायीकरण गर्न थाल्ने गरेको प्रशस्त उदाहरण भेटिन्छन् । अधिकांश उद्यमीले यस्ता अनुभव सुनाइरहेकै हुन्छन् । यी सबै कारण नेपालमा पनि युवा पुस्तामा 'स्टार्टअप कल्चर' फस्टाइरहेको जानकारहरूको तर्क छ ।

### हट्दैछ असफलताको डर

आईटी कम्पनी 'कोड हिमालय' का सीईओ स्मरण दुवाडी पछिल्लो समय असफलताको डर हट्दै गएका कारण पनि नेपालका युवाहरूमा उद्यमशिलताको लहर चलेको बताउँछन् । उनका अनुसार जागिर खोज्ने परम्परागत बाटो छोडेर आजका युवाहरू आफैं केही सिर्जना गर्ने र जागिर दिने सपना बोकेर अगाडि बढिरहेका छन् ।

'अहिलेका युवाहरूमा जागिर खाने भन्दा जागिर दिने सोच बढ्दैछ । 'केही गर्छु' भन्ने आत्मविश्वास र जोश छ,' उनले भने । दुवाडीका अनुसार अघिल्लो पुस्तामा स्टार्टअप भन्ने बित्तिकै 'डर' हुन्थ्यो । असफल हुने छुट नहुँदा झन् सहजै हात हाल्न सकिँदैनथ्यो । तर अहिले २१-२२ वर्षका युवाहरूमा पनि आत्मविश्वास भेट्छन्, उनी । सानैदेखि व्यावसायिक कुरा बुझ्ने, चासो राख्ने र नयाँ कुरा सिर्जना गर्न उत्साहित देखिन्छन्, पछिल्लो पुस्ता ।

हुन पनि 'इन्भेस्टोपेडिया' नामक एक पोर्टलले सन् २०२२ मा प्रकाशित गरेको एक रिपोर्टमा भनिएको छ- पैसाको अभाव, गलत बजारमा हुनु, अनुसन्धानको अभाव, खराब साझेदारी, प्रभावकारी मार्केटिङ, उद्योगमा विज्ञ नहुनुजस्ता कारण अधिकांश स्टार्टअप असफल हुने गरेका छन् । अमेरिकामै हेर्दा महिनामै धेरै स्टार्टअप जन्मन्छन्, तर बन्द हुने दर त्योभन्दा उच्च देखिन्छ ।

'धेरै साना व्यवसायहरू हरेक महिना सुरु हुन्छ तर असफलता दर उच्च छ । तथ्यांकअनुसार, २० प्रतिशत पहिलो वर्षमा, ५० प्रतिशत पाँच वर्षभित्र र ६५ प्रतिशत स्टार्टअप १० वर्षभित्र असफल हुने गरेको देखिन्छ,' रिपोर्टमा उल्लेख छ । यस्ता सबै कुरा रिसर्च गरेका र जानेकाले पनि युवाहरूले स्टार्टअपको प्रकृति बुझेको र सोहीअनुसार मानसिकता बनाएर आउने गरेको दुवाडीले बताए ।

अर्कोतर्फ, पछिल्लो समय स्टार्टअप कल्चर फस्टाउनुमा कलेजहरूको पनि हात रहेको दुवाडी सम्झन्छन् । त्यसका साथै विभिन्न संस्था, रियालिटी शोहरूले युवालाई स्टार्टअपको लागि मेन्टर, फन्डिङ र इकोसिस्टम बनाइरहेका छन् । 'हामीले अस्ति भर्खर टेकस्पायर कलेजका तीनवटा समूहलाई फन्डिङ दिएर कम्पनी सुरु गर्न सहयोग गरेका छौं । यो ट्रेन्ड फस्टाउँदो छ,' उनले सुनाए ।

स्टार्टअपमा झुम्दै गर्दा यसको सम्भावित असफलताबारे पनि नयाँ पुस्ता सचेत रहेको आफूले पाएको दुवाडीको भनाइ छ । नास आईटी (नेपाल एसोसियसन फर सफ्टवेयर एन्ड आईटी सर्भिसेस कम्पनिज) का सदस्यसमेत रहेका उनी भन्छन्, 'नयाँ पुस्तालाई थाहा छ कि, ९६ प्रतिशत स्टार्टअप असफल हुन्छन् । त्यसैले असफलतालाई स्वभाविक ठान्छन् । र, 'हारे पनि फेरि उठ्छु' भन्दै नयाँ प्रयोग गरिरहेको देखिन्छ ।' युवा जनसंख्या धेरै रहेकोले पनि यो अवसरलाई सदुपयोग गर्नसके अत्यधिक फाइदा लिनसकिने उनको तर्क छ ।

### जोश छ, साथ छैन

नेपालमा युवाहरूको स्टार्टअप संस्कृति तीव्र गतिमा फुल्दैछ । नयाँ आइडिया, जोश र ऊर्जाले भरिएका युवाहरू आफ्नै व्यवसाय सुरु गर्न उत्साहित छन् । तर यो लहरलाई टिकाउन र माथि लैजान प्रारम्भिक चरणमा आवश्यक पर्ने साथ/सहयोगको अभाव रहेको बताउँछन्, किङ्गस कलेजका प्रेसिडेन्ट नरोत्तम अर्याल । 'स्टार्टअप दुनियाँमा धेरै कुरा भइरहेको छ । युवाहरूमा जोश देखिन्छ । तर यसमा राज्यको तर्फबाट जति साथ हुनुपर्ने हो त्यो देखिँदैन,' उनले भने ।

अर्यालका अनुसार विशेषगरी नयाँ प्रविधि, अनुसन्धान र उत्पादनका आइडियाहरूले विश्व बजारमा नेपालको पहिचान बनाउने सम्भावना छ । तर यसलाई राज्यले उपेक्षा गरिरहेको छ । उनले अनुभव सुनाए, 'केही समयअघि एक विद्यार्थीले मकै छोडाउने रोबोट बनाए । च्याम्पियनसिपमा प्रदर्शन भयो, तर त्यसपछि त्यो रोबोट थन्कियो । कसैले चासो लिने, व्यावसायिक रूप दिने काम गरेनन् ।'

जबकि, यस्ता नवप्रवर्तनलाई जीवन दिन व्यावसायीकरण गर्नुपर्छ । त्यसका लागि प्रयोग, युजर टेस्टिङ, प्रमाणीकरण (भ्यालिडेसन) र मेन्टरसिप चाहिन्छ । तर यस्तोमा साथ/सहयोग पाउने अवस्था अझै विकास नभइसकेको गुनासो अर्यालको छ ।

एउटा स्टार्टअप हुर्काउन जोश र आइडिया जरुरी छ, तर त्यो मात्र पर्याप्त नहुने विश्लेषण अर्यालले गरे । सँगसँगै मेन्टरसिप र आर्थिक सहयोग चाहिन्छ । उनले प्रयोगशाला, कार्यस्थल र मेन्टरहरूको अभावले धेरै सम्भावनाहरू बीचमै रोकिएका अनुभव पनि सुनाए । 'युवाहरू यसरी जोशिएको अवस्थामा हामीले आवश्यक बल दियौं भने हजारौं स्टार्टअप बाहिर आउँछन्, र ती मध्ये केहीले विश्व बजारमा ठूलो प्रभाव पार्न सक्छन्,' उनले सम्भावना देखाए ।

### बजेट छुट्याए पनि राज्यको उपेक्षामा स्टार्टअप

नेपाल सरकारले विगत एक दशकदेखि स्टार्टअपका लागि बजेट छुट्याउँदै आएको छ, तर ती रकम खर्च हुन सकेका छैनन् । आव २०७१/७२ मा तत्कालीन अर्थमन्त्री डा. रामशरण महतले ५० करोड रुपैयाँको 'स्टार्टअप फन्ड' घोषणा गरे, तर कार्यान्वयनको अभावमा त्यो रकम थन्कियो । यसको सुरुवात नै नमिठो बन्यो । त्यस्तै, आव २०७५/७६ मा ६० करोड र २०७६/७७ मा व्यवसाय गर्न चाहने व्यक्ति वा व्यवसायलाई अधिकतम ५० लाख अनुदानको व्यवस्थासहित कार्यविधि बनाइयो । ती पनि कागजमै सीमित रहे ।

यसरी सरकारले सधैं बजेट छुट्याउने तर कार्यान्वयनमा उपेक्षा गर्ने क्रम क्रमशः चलिरहेको छ । यस वर्षको बजेटमा पनि 'जेनजी लक्षित स्टार्टअप' कार्यक्रम सञ्चालन गर्ने भनिए पनि यसको कार्यन्वयनमा शंका रहेको विज्ञहरू बताउँछन् । 'अहिले सरकारले २५ लाखसम्मको सहयोग त दिन्छ, तर यो दर्ता भइसकेका र निश्चित चरण पुगेका कम्पनीहरूलाई मात्र हो । तर हामीलाई विश्वविद्यालयमा हुने नयाँ प्रोजेक्ट, अनुसन्धान र प्रविधि विकासका लागि पहिल्यै अनुदान चाहिन्छ,' किङ्गसका प्रेसिडेन्ट अर्यालले बताए ।

अर्यालका अनुसार विश्वविद्यालय र अनुसन्धान केन्द्रहरू मार्फत खुला प्रतिस्पर्धा (ओपन कल) मार्फत अनुदान उपलब्ध गराउनुपर्छ । जब प्रारम्भिक चरणमा अनुदान पाइन्छ, तब मात्र स्टार्टअपहरू एक स्तर माथि उठ्न सक्छन् । त्यसपछि सरकार वा निजी क्षेत्रको थप सहयोगले तिनलाई थप उचाइ दिन सकिन्छ । तर सरकारले कागजमा बजेट छुट्याए पनि 'व्यावहारिक कार्यान्वयन'को हकमा यो क्षेत्र सधैं उपेक्षामा परेको अर्यालको तर्क छ ।

*(स्रोत: अनलाइनखबर)*

# नगर प्रमुखको अगुवाइमा हजार मिटर बाटो सरसफाई सम्पन्न

साझाकुरा संवाददाता



हेटौंडा, १२ साउन/ ऋषेश्वर क्षेत्रको प्रवेशद्वारदेखि मन्दिर सम्मको करिब एक हजार मिटर दूरीमा सरसफाइ गरिएको छ । ऋषेश्वर क्षेत्र विकास समितिको आयोजनामा थाहा नगरपालिकाका प्रमुख विष्णुबहादुर विष्टको नेतृत्वमा सरसफाई अभियान थालिएको हो ।

अभियानले धार्मिक, पर्यटकीय र सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण स्थान मानिने ऋषेश्वर मन्दिर क्षेत्रलाई अझ स्वच्छ र आकर्षक बनाउन योगदान पुऱ्याएको समितिले जनाएको छ ।

कार्यक्रममा दामन र सिमभञ्ज्याङका बजार व्यवस्थापन समितिका पदाधिकारीहरू, बुद्धचोक बजार व्यवस्थापन समिति, थानाबजार र शिखरकोट बजार व्यवस्थापन समितिका सदस्यहरू, क्षेत्र विकास समितिका पदाधिकारीहरू, विभिन्न वडा जनप्रतिनिधिहरू, नगर प्रहरी, इलाका प्रहरी कार्यालयका प्रतिनिधिहरू तथा स्थानीय बासिन्दाहरूको उल्लेख्य उपस्थिति थियो । स्थानीय सरकार, प्रहरी प्रशासन, बजार व्यवस्थापन समिति तथा समुदायबीचको सहकार्यमार्फत् भएको यस सरसफाइ कार्यक्रमले सार्वजनिक सरसफाइप्रतिको चेतना अभिवृद्धि गर्नुका साथै धार्मिक क्षेत्रको संरक्षण र प्रबर्द्धनमा समेत योगदान पुऱ्याउने विश्वास व्यक्त गरिएको छ ।

नगर प्रमुख बिष्टले अभियानको सुरुवात गर्दै ऋषेश्वर क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न नगरपालिकाले आवश्यक पूर्वाधार निर्माण तथा सर सफाइ कार्यक्रमलाई निरन्तरता दिने बताए ।

स्थानीय वासिन्दाहरूले समेत सरसफाइ जस्ता अभियानमा सामूहिक सहभागिता आवश्यक रहेको भन्दै यस्ता कार्यक्रमलाई नियमितरूपमा सञ्चालन गर्नुपर्नेमा जोड दिएका छन् ।

# ऋषेश्वर महादेव मन्दिरमा सबा लाख दीप प्रज्ज्वलन

साझाकुरा संवाददाता




हेटौंडा, १२ साउन/ जय दुर्गे काली सेवा केन्द्र काठमाडौंको आयोजनामा थाहा नगर पालिका-४ स्थित ऋषेश्वर महादेव मन्दिरमा भव्य सबा लाख दीप प्रज्ज्वलन भएको छ ।

विश्व शान्तिको कामना गर्दै देशभरका १०८ शक्तिपीठहरूमा सञ्चालन गरिँदै आएको सबा लाख दीप प्रज्ज्वलन महाअभियान अन्तर्गत् थाहाको ऋषेश्वर मन्दिरमा पनि यो विशेष कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा भक्तजनहरुको उल्लेख्यि सहभागिता थियो । दीप प्रज्वलनमा थाहा नगरपालिकाका नगरप्रमुख बिष्णु बिष्ट, उपप्रमुख भरत गोपाली, ऋषेश्वर क्षेत्र विकास समितिका अध्यक्ष बिनोदकुमार लामा, जयदुर्गे काली सेवा केन्द्रकी गुरुमातालगायतको उपस्थिति थियो ।

# २१ वर्षपछि फेरि 'सुख दुःख' गर्दै मिथिला शर्मा

काठमाडौं/स्वर्गीय निर्देशक शिव रेग्मीको कालजयी फिल्ममध्ये एक मानिन्छ, 'सुख दुःख' । २०६१ सालमा प्रदर्शन भएको यो फिल्ममा मदनकृष्ण श्रेष्ठ, मिथिला शर्मा, स्व. श्रीकृष्ण श्रेष्ठ, स्व. केशव भट्टराई, झरना थापाको मुख्य भूमिका थियो । अब २१ वर्षपछि उक्त नाममा एकपटक फेरि फिल्म बन्दैछ । अभिनेत्री नीता ढुंगाना (अधिकारी)ले आफ्नो निर्देशनमा 'सुख दुःख' बनाउन लागेकी हुन् ।

संयोग कस्तो जुरेको छ भने यो फिल्ममा पनि मिथिला शर्मालाई देख्न पाइने भएको छ । उनीसँग नीताले आइतबार कागजी सम्झौता गरेकी हुन् ।

फिल्ममा मिथिला अनुबन्ध भएपछि नीताले सामाजिक सञ्जालमा लेखेकी छन्, 'फिल्ममा हजुरलाई सहभागी गराउन पाउँदा यो मन धेरै नै उत्साहित छ । सायद हजुर बिना यो फिल्म अपूरो हुन्थ्यो ।'

'परदेश', 'ताल', 'कहो ना प्यार है', 'हम आपके दिल में र हते हैं', 'बनवास' जस्ता भारतीय फिल्मका छायाँकार कवीरलाल र शाहिदलालको डीओपी रहने फिल्ममा मिथिलाबाहेक अरु कलाकार भने तय भएका छैनन् । नीताले मुख्य कलाकारको बारेमा केही सातापछि जानकारी दिने बताइन् । फिल्मको निर्माण व्यवस्थापनको जिम्मा शंकर पाण्डेलाई दिइएको छ ।

'नीता फिल्म्स'को ब्यानरमा निर्माण हुन लागेको यो फिल्म आगामी वर्ष (२०८३)को दशैंमा प्रदर्शन गर्ने योजनामा निर्माण पक्षको रहेको छ । 'सुख दुःख'पछि नीता आफ्नो होम प्रोडक्सनको अर्को फिल्म 'पार्वती'को तयारीमा जुट्नेछिन्, जसको निर्देशन उनी आफैंले गर्दैछिन् । यसरी हेर्दा उनी अब अभिनयभन्दा मेकिङमा बढी केन्द्रित हुन थालेको देखिन्छ ।

# राज्यले नै निमोठेको कमोडिटी बजार, सञ्चालनमा अझै चलखेल

काठमाडौं/अझै पनि नीतिगत व्यवस्था छैन, तर सञ्चालनमा आएका 'राइड सेयरिङ'ले दैनिक हजारौंलाई सेवा दिइरहेका छन् । पठाओ, इनड्राइभ मात्रै होइन अरु थुप्रै राइड सेयरिङ कम्पनी थपिइरहेका छन् । आपतविपत पर्दा हजारौं सर्वसाधारण राइड सेयरिङको सेवाले लाभान्वित भएका छन् । एकातिर नयाँ कम्पनी खुलिरहेका छन्, राज्य नीतिगत व्यवस्था गर्दैछ । त्यस्तै डिजिटिल भुक्तानीसम्बन्धी नीतिगत व्यवस्था पर्याप्त नहुँदै ईसेवाले कारोबार थाल्यो, त्यसपछि उस्तै प्रकृतिका अरु सेवाप्रदायक आउन थाले, राष्ट्र बैंकले नीतिगत व्यवस्था गर्दै गयो । कतिपय नीतिगत व्यवस्था भर्खरै गरिएका छन् । निजी क्षेत्रले नै भुक्तानी सेवा सञ्चालनमा ल्याएपछि बल्ल सरकारी सेवा प्रदायक ल्याउन दबाब पुग्यो ।

त्यहीं थालनीले अहिले मुलुक नै डिजिटल युगमा पुगेको छ । नीति र कानुन छैन भनेर ईसेवालगायतलाई जन्मिनेबित्तिकै बन्द गरिदिएको भए नेपालमा डिजिटल भुक्तानीमा यो क्रान्ति हुने थिएन । यी मात्रै होइन, नियामक राष्ट्र बैंक नखुल्दै, बैंक तथा वित्तीय संस्था सम्बन्धी कुनै नीतिगत व्यवस्था नहुँदै वि.सं. १९९४ मा सरकारले नै नेपाल बैंक खोलेको थियो । त्यसपछि बल्ल नीति र कानुन बने । अहिले सरकारीभन्दा निजी क्षेत्रबाट खुलेका बैंकहरुको सेवा छिटो छरितो रहेको धेरैको भोगाइ छ । नयाँ सेवा वा वस्तुको आवश्यकता महसुस भएपछि करोडौं भीडबाट कसैले नयाँ व्यवसाय जन्माउँछन् । तिनै नयाँ व्यवसायलाई सही रुपमा सञ्चालन गर्नका लागि नीतिगत व्यवस्था गरिदिने, दर्ता गर्ने, लाइसेन्स दिने, नियमन गर्ने कर्तव्य राज्यको हो ।

तर नीतिगत व्यवस्था छैन भनेर जन्मिसकेका त्यस्ता व्यवसायलाई राज्यले माऱ्यो भने त्यो जन्मिन वर्षौं लाग्छ वा कहिलै आउँदैनन् । नीतिगत व्यवस्था छैन भनेर राज्यले मारेको एउटा व्यवसाय हो - कमोडिटी एक्स्चेन्ज । खुलिसकेका, कारोबार गर्दै आएका कमोडिटी एक्स्चेन्जलाई सरकारले कानुन छैन भन्दै हत्या गरेको दशक भइसक्यो । तर, राज्यले कानुन बनाएर यो व्यवसायलाई अहिलेसम्म पनि पुनर्जीवन दिन सकेको छैन । 'यो राज्यको अकर्मण्यता हो, राज्य सञ्चालन गर्नेहरु नै जब चललेख, जालझेलतिर लाग्छन्, त्यसपछिको परिणाम यस्तै हुने हो' पूँजी बजारका जानकार तथा राष्ट्र बैंक पूर्व कार्यकारी निर्देशक डा. गोपाल भट्टले भने । २०६९ सालमा नेपाल धितोपत्र बोर्डले गरेको एक अध्ययनका समयमा सातवटा कमोडिटी बजार सञ्चालनमा थिए ।

मर्कन्टायल एक्सचेन्ज (मेक्स) नेपाल, कमोडिटी एण्ड मेटल एक्सचेन्ज नेपाल (कोमेन), नेपाल डेरिभेटिभ एक्स्चेन्ज (एनडेक्स), मल्टी कमोडिटी एक्स्चेन्ज (एमसीएक्स) नेपाल, हिमालयन कमोडिटी एक्स्चेन्ज, राइजल कमोडिटी एन्ड डेरिभेटिभ एक्सचेञ्ज (आरसीडीईएक्स) र इन्टरनेसनल मल्टी कमोडिटी एक्स्चेन्ज नेपाल (आईएमसीईएन) सञ्चालनमा थिए । 'अध्ययन कमिटीले बनाएको प्रतिवेदनले ऐन, कानुन बनाएर नियमनको दायरामा ल्याई बजार सञ्चालन गर्नुपर्ने गरी सुझाव दियो' बोर्डका पूर्व कार्यकारी निर्देशक निरज गिरीले भने 'त्यसपछि ऐन, कानुन बनाउनतिर लाग्यौं ।'

कानुन बनाउने क्रममा नेपाल धितोपत्र बोर्ड उल्टो बाटो हिँड्यो । सञ्चालनमा रहेका एक्सचेञ्जहरुलाई काम गर्न दिँदै नियम, परिस्कृत कानुन बनाउँदै यो क्षेत्रलाई व्यवस्थित गर्नुपर्नेमा विकास हुँदै गरेको बजारलाई पूर्ण रुपमा बन्द गरिदियो । 'सञ्चालनमा रहेका कम्पनीले भुक्तानीमा आलटाल गरि दिने, शुल्क कमिसन पनि आफैले मनपरी तोक्नेजस्ता कार्य भएको प्रतिवेदनमा उल्लेख भएपछि बोर्डले नै बन्द गराउन सूचना जारी गऱ्यो' गिरीले भने । २०७४ मा ऐन बनिसकेपछि पनि सञ्चालनमा आएकालाई राज्य (धितोपत्र बोर्ड)ले अवैध घोषणा गरी बन्द गराइदियो । ऐन बनिसकेपछि अनुमतिपत्र जारी गर्ने गरी त्यसको चार वर्षपछि २०७८ असारमा मात्रै वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवम् प्रक्रियागत व्यवस्थासम्बन्धी निर्देशिका लागु भयो । हाल वर्षौंपछि नीतिगत व्यवस्था भएको छ । लाइसेन्स दिने निर्देशका बनेको पनि चार वर्षभन्दा बढी भइसकेको छ । तर, हालसम्म पनि निवेदन दिएका एक्सचेञ्जहरुलाई लाइसेन्स दिने विषयमा कुनै काम अघि बढेको छैन ।

स्रोतका अनुसार निजी स्टक एक्स्चेन्जलाई लाइसेन्स दिएपछि मात्रै कमोडिटी बजारका लागि आवेदन दिएकामध्ये दुईलाई लाइसेन्स दिइने छ । 'पहिले नयाँ स्टक एक्स्चेन्जलाई लाइसेन्स दिने, त्यसपछि मात्रै कमोडिटी बजारलाई दिने तयारी हो' स्रोतले भन्यो । यो नै एउटा चलखेलको नमुना हो । बोर्डका प्रवक्ता निरञ्जय घिमिरे कमोडिटी बजार सञ्चालन प्रक्रियामै रहेको र छिट्टै अनुमति दिइने दाबी गर्छन् ।

'यसअघि आवेदन दिएका ४ कम्पनीको बाँकी रहेको मूल्यांकन प्रक्रियाबाटै काम अघि बढ्छ' घिमिरेले भने । पछिल्लो पटक असोज २०७९ मा लाइसेन्सका लागि आवेदन माग गर्दा ४ कम्पनीले आवेदन दिएका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# बिक्की र श्रद्धाले फिल्म 'क का कि की' बनाउने, मुख्य भूमिकामा तृप्तिदेखि रेखासम्म

काठमाडौं/हास्य व्यंग्यमा आधारित चर्चित टेलिभिजन शो 'कमेडी दरबार'को समूहले पहिलो फिल्मको रूपमा 'क का कि की' निर्माण गर्ने भएको छ । सोमबार एक पोस्टर सार्वजनिक गर्दै फिल्म निर्माणको घोषणा गरिएको हो । पोस्टरमा उल्लेख भए अनुसार फिल्मलाई बिक्की अग्रवाल र श्रद्धा प्रसाईंले निर्देशन गर्नेछन् । 'कमेडी दरबार'को निर्देशन गर्दै आइरहेका उनीहरु श्रीमान्-श्रीमती हुन् ।

पोस्टरमा फिल्मका मुख्य चार कलाकार तृप्ति नाडकर, रेखा थापा, गौरी मल्ल र महेश त्रिपाठीलाई देख्न सकिन्छ । यही फिल्मबाट तृप्तिले डेढ दशकपछि कमब्याक गर्न लागेकी हुन् । पोस्टरमा बुढ्यौली गेटअपमा प्रस्तुत भएका तृप्ति र गौरी रेखासँग लडिरहेका देखिन्छन् । महेश भने तनावग्रत भावमा चित्रित छन् । पोस्टरले फिल्म कमेडी जनरामा तयार हुने संकेत गर्छ ।

श्रद्धा प्रसाईं र सुमित्रा थापाले निर्माण गर्ने फिल्ममा 'कमेडी दरबार'का कलाकारहरू मिस पबी, पवन खतिवडा 'म्याकुरी', हिमेश पन्त, सुजता श्रेष्ठ, विश्वास तिमल्सेना, सीडी विजय अधिकारी लगायतको पनि अभिनय रहने जनाइएको छ । सुमन अग्रवालको कन्सेप्ट तथा बिक्की अग्रवालको पटकथा रहेको फिल्मलाई सुदीप बरालले खिच्नेछन् ।

फिल्मको घोषणा गर्दै बिक्कीले आफू संसारकै सबैभन्दा भाग्यमानी व्यक्ति रहेको बताउँदै अग्रजहरूसँग सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गरेका छन् । उनले फेसबुकमा लेखेका छन्, 'सबैले भन्छन् कि हाम्रो फिल्म अरूभन्दा फरक छ, तर यो फिल्मले कमेडीको फरक स्वाद अवश्य दिन्छ भन्ने दृढ आशा छ ।' उनका अनुसार असोज १७ गतेबाट फिल्मको छायांकन सुरू गरिनेछ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

### सातै प्रदेशका योजना आयोगबीच साझा प्रतिबद्धता

# वार्षिक नीति तथा कार्यक्रमबीच एकरूपता ल्याइने

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ सात वटै प्रदेश नीति तथा योजना आयोग र प्रदेश योजना आयोगले वार्षिक नीति तथा कार्यक्रमबीच एकरूपता ल्याउन पहल गर्ने प्रतिबद्धता जनाएका छन् ।

बागमती प्रदेशको प्रदेश नीति तथा योजना आयोगको आयोजनामा सातै प्रदेशका प्रदेश नीति तथा योजना आयोग तथा प्रदेश योजना आयोगका उपाध्यक्ष, सदस्य तथा आयोगका सचिवको सहभागितामा भएको अन्तरप्रदेश अनुभव आदानप्रदान तथा समन्वय बैठकले यस्तो प्रतिबद्धता जनाएको हो ।



बैठकबाट भएको छलफल तथा सुझावका आधारमा साझा प्रतिबद्धता व्यक्त गर्दै समग्र योजना प्रणालीको प्रभावकारी कार्यान्वयन, अन्तरसरकारी समन्वय र सुदृढीकरण गर्न १६ बुँदे बागमती प्रतिबद्धतापत्र-२०८२ जारी गरिएको छ । बागमती प्रदेशको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गङ्गादत्त नेपालले आवधिक योजना, मध्यकालीन खर्च संरचना र वार्षिक नीति तथा कार्यक्रमबीच तादात्म्य कायम गर्न पहल गर्ने सातै प्रदेशका योजना आयोगका उपाध्यक्ष तथा सदस्यको बैठकले गरेको जानकारी दिएका छन् ।

आयोगको भूमिकालाई सशक्तरूपमा स्थापित गर्न प्रदेश नीति तथा योजना आयोग/प्रदेश योजना आयोग ऐन, प्रदेश तथ्याङ्क व्यवस्थापनका लागि प्रदेश तथ्याङ्क ऐन र नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्न प्रदेश अनुगमन तथा मूल्याङ्कन ऐन जारी गर्न पहल गर्ने निर्णय बैठकले गरेको छ ।

दीगो विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी बजेट सिद्धान्त र प्राथमिकता, बजेट सीमा, वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमामा प्राथमिकता दिने, प्रदेश आयोजना बैङ्कलाई पूर्णरूपमा कार्यान्वयन गर्ने र स्थानीय तहको आयोजना बैङ्क सञ्चालन गर्न सहजीकरण गर्ने साझा प्रतिबद्धता पत्रमा उल्लेख छ ।

तीन तहका सरकारको योजना तर्जुमासम्बन्धी एकीकृत कानुनी व्यवस्थाका लागि पहल गर्ने, आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० समेतलाई दृष्टिगत गरी प्रदेश आयोजनाको वर्गीकरण तथा मापदण्ड तर्जुमा गरी सोबमोजिमका आयोजनामा मात्र बजेट विनियोजन गर्न पहल गर्ने प्रतिबद्धता सातै प्रदेशका योजना आयोगका उपाध्यक्ष र सदस्यले गरेका छन् ।

प्रदेशको आवधिक योजना र नीतिको कार्यान्वयन गर्न तहगत सरकार र विकास साझेदार संस्थासँगको समन्वय र सहकार्यलाई थप सुदृढ गर्ने भन्दै प्रदेश सरकार द्वारा जारी गरिएका नीतिहरूको कार्यान्वयन अवस्था, प्रभावकारिता, उपलब्धि र सान्दर्भिकता समीक्षा गरी समयानुकूल अद्यावधिक गरिने भनिएको छ ।

तथ्यमा आधारित नीति तथा योजना तर्जुमा गर्न नीतिगत अध्ययन तथा अनुसन्धान गरी नीतिगत सामञ्जस्य मिलाउने, प्रदेश सरकारद्वारा निर्मित सडकलगायत पूर्वाधारको साङ्केतिकीकरण गर्न प्रदेश सरकारलाई अनुरोध गर्ने र स्थानीय तहको राजस्व सुधार कार्ययोजनाको तर्जुमा र कार्यान्वयनमा प्रभावकारी समन्वयका लागि प्राविधिक सहयोग उपलब्ध गराउन योजना आयोगले आ-आफ्नो प्रदेशमा पहल गर्ने प्रतिबद्धता जनाइएको छ । यसैगरी, राष्ट्रिय समन्वय परिषद्को बैठकमा प्रदेश नीति तथा योजना/प्रदेश योजना आयोगका उपाध्यक्षहरूलाई आमन्त्रितका रूपमा सहभागी गराउन अनुरोध गर्ने उपाध्यक्ष नेपालले बताएका छन् ।

साझा प्रतिबद्धता पत्रमा कोशी प्रदेशको प्रदेश योजना आयोगका उपाध्यक्ष डा. राजेन्द्र अधिकारी, मधेश प्रदेशको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सोहनप्रसाद साह र लुम्बिनी प्रदेश योजना आयोगका उपाध्यक्ष डा. डिल्लीराज अर्यालले हस्ताक्षर गर्नुभएको छ । प्रतिबद्धता पत्रमा बागमती प्रदेशको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. गङ्गादत्त नेपाल, सुदूरपश्चिम प्रदेशको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. सुश्री जीवन राना, कर्णाली प्रदेश योजना आयोगका सदस्य डम्बरबहादुर रावल र गण्डकी प्रदेश नीति तथा योजना आयोगका सदस्य डा. योगेन्द्रराज रिजालले हस्ताक्षर गरेका थिए ।

# गौतमबुद्ध क्रिकेट रंगशालाको काम नभएपछि १० करोड बढी रकम फिर्ता

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ बागमती प्रदेश सरकारको ३० प्रतिशत साझेदारीमा भरतपुरमा निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालाका लागि संघ र प्रदेश सरकारले विनियोजन गरेको रकममध्ये १० करोड रुपैयाँभन्दा बढी रकम फिर्ता भएको छ ।



भरतपुर महानगर पालिकाको समन्वयमा निकासा भएको उक्त रकम काम हुन नसकेपछि पुन: संघ र प्रदेशमै फिर्ता गरिएको हो । निर्माण व्यवसायीले गत आर्थिक वर्षमा गर्नुपर्ने काम पूरा नगरेपछि १० करोड ५४ लाख ३० हजार एकसय ७० रुपैयाँ फिर्ता भएको हो ।

महानगरपालिकाका डिभिजनल इञ्जिनियर सन्तोष आचार्यका अनुसार संघीय सरकारले २५ करोड निकासा गरेकोमा १७ करोड ६५ लाख ६९ हजार आठसय ३० रुपैयाँ मात्रै खर्च भएको छ । बाँकी सात करोड ३४ लाख ३० हजार एकसय ७० रुपैयाँ फिर्ता भएको हो ।

यस्तै, बागमती प्रदेश सरकारबाट निकासा भएको १० करोड रुपैयाँमध्ये ६ करोड ८० लाखमात्रै खर्च भएको छ । यसमा तीन करोड २० रुपैयाँ फिर्ता भएको हो । रंगशाला निर्माणका लागि बागमती प्रदेश सरकारको ७० प्रतिशत र ३० प्रतिशत भरतपुर महानगरपालिकाले व्यहोर्ने सम्झौता छ । संघीय सरकारले महानगर पालिकाको तर्फबाट गरिने खर्चमा रकम दिएको थियो ।

महानगरले रंगशाला लागि पाँच करोड विनियोजन गरेको थियो । उक्त रकमसमेत फ्रिज भएको छ । निर्माण कम्पनीले असार मसान्तसम्म ४० प्रतिशत प्रगति गर्नुपर्नेमा आर्थिक प्रगति दुई दशमलव ४९ प्रतिशत मात्रै भएको आचार्यले जानकारी दिए ।

उनले भने, 'हालसम्म भौतिक प्रगति ३० प्रतिशत पुगेको छ, समयमा काम नभ्याएकाले आर्थिक प्रगति कम हुँदा बजेट फिर्ता भयो ।'

हिमालयन-कालिञ्चोक-बीबीआर ज्वाइन्टभेञ्चरले वि.सं. २०८१ असार २३ गते ७८ करोड ५० लाख ९१ हजार रुपैयाँमा निर्माण सम्झौता गरेको थियो । सम्झौता अनुसार वि.सं. २०८३ पुस २२ गतेभित्र रंगशाला निर्माण सम्पन्न गरिसक्नुपर्ने छ ।

हालसम्म रंगशालामा पाँच हजार दर्शक क्षमताको प्याराफिटको ढलान सम्पन्न भएको छ । अर्को दुई हजार दर्शक क्षमताको प्यारापिटको काम भइरहेको छ । दुई वटा टावरमध्ये एउटाको भूइँतलाको ढलान र अर्कोको भूइँको काम भइरहेको छ । यसैगरी, दुई सय मिटर नालीको ढक्कन राख्ने, एकसय ५५ मिटर कम्पाउण्ड निर्माण सम्पन्न भई पाँच सय किलोवाट क्षमताको ट्रान्सफर्मर जडान गरिएको छ ।

काम ढिलो भएपछि दुई महिनाअघि भरतपुर महानगर पालिकाले निर्माण कम्पनीलाई आर्थिक वर्षभित्रमा ४० प्रतिशत काम सम्पन्न गर्न आग्रह गरेको थियो । महानगर प्रमुख रेनु दाहाल, उपप्रमुख चित्रसेन अधिकारीसहित प्राविधिक कर्मचारी निर्माणस्थल पुगेर निर्माण व्यवसायीलाई काम छिटो गर्न आग्रह गरिएको थियो ।

# द्रुतमार्ग वैकल्पिक उपायबाट भएपनि सम्पन्न गर्नुपर्छः प्रधानमन्त्री ओली

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ प्रधानमन्त्री केपीशर्मा ओलीले काठमाडौं-तराई/मधेश द्रुतमार्ग नेपालको रणनीतिक महत्वको आयोजना भएको उल्लेख गर्दै यसको निर्माण कार्य वैकल्पिक उपायबाट भएपनि सम्पन्न गर्नुपर्ने धारणा राखेका छन् ।



प्रधानमन्त्री ओलीले आफ्नो आधिकारिक फेसबुकमार्फत् सार्वजनिक अभिव्यक्ति दिँदै द्रुतमार्गको खोकना-डुकुछाप खण्डको निर्माणमा उत्पन्न समस्या समाधानका लागि गहन छलफल भएको जानकारी दिएका हुन् । 'काठमाडौं-तराई/मधेश द्रुतमार्ग हाम्रो रणनीतिक महत्वको सडक आयोजना हो, यसले काठमाडौंलाई १ घण्टाको समयमै तराईसँग जोड्छ, नेपाली सेनाले द्रुतमार्ग निर्माण गरिरहेको छ', उनले लेखेका छन् ।

खोकना क्षेत्रको निर्माण सकिएपछि द्रुतमार्गले तराईसँग सडकमार्फत् प्रत्यक्ष जोडिने भएकाले त्यसको निर्माण प्राथमिकतामा राखिएको प्रधानमन्त्री ओलीको भनाइ छ ।

उनले खोकनाको समस्याको समाधान गर्न वैकल्पिक उपायहरू खोज्न आवश्यक रहेको उल्लेख गर्दै सोही अनुसार मन्त्रालय र नेपाली सेनालाई उपाय खोज्न आग्रह गरिएको बताए ।

'द्रूतमार्गको खोकना-डुकुछाप खण्डको निर्माणमा उत्पन्न भएका समस्याबारे आइतबार राति गहन छलफल भयो, खोकना क्षेत्रको निर्माण सकिनासाथ सडक तराईसँग जोडिन्छ, वैकल्पिक उपाय अपनाएर भएपनि हामीले यसलाई सम्पन्न गर्नुपर्ने छ, सोही अनुसारको उपाय खोज्न मैले मन्त्रालय र नेपाली सेनालाई आग्रह गरेको छु, हामीसँग धेरै समय छैन', उनले सामाजिक सञ्जालमा लेखेका छन् ।

प्रधानमन्त्री ओलीले राष्ट्रिय महत्वका पूर्वाधार निर्माणमा ढिलाइ नगर्न र द्रुत गतिमा काम अघि बढाउनुपर्ने बताउँदै आएका छन् । काठमाडौं-तराई द्रुतमार्ग ७६.२ किमी लम्बाइको आयोजना हो । जुन नेपाली सेनामार्फत् निर्माण भइरहेका ठूला सडक परियोजनामध्ये एक हो । यसले राजधानी क्षेत्र र तराई मधेशलाई छोटो समयमै जोड्ने लक्ष्य लिएको छ ।

# यु-१७ फुटबलमा ४० पुरुष खेलाडी छनौट



साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ जिल्ला फुटबल संघ मकवानपुरले यु-१७ फुटबलमा ४० पुरुष खेलाडी छनौट गरेको छ । श्रीलंकामा सेप्टेम्बर १५ देखि २७ सम्म आयोजना हुने साफ च्याम्पियनसिप फुटबल प्रतियोगितामा सहभागी हुन अखिल नेपाल फुटबल संघ (एन्फा) ले जिल्ला, प्रदेशहुँदै राष्ट्रिय टिम तयार पार्ने प्रक्रियाअन्तर्गत् मकवानपुर जिल्लाबाट खेलाडी छनौट गरिएको हो ।

मकवानपुर जिल्ला फुटबल संघका महासचिव छवि सुवेदीका अनुसार शनिबार र आइतबार हेटौंडा-६, स्थित गौरीटार रंगशालामा जिल्लास्तरीय खेलाडी छनौट गरिएको हो । जिल्लास्तरीय छनौटमा मकवानपुरमा एकसय ३४ जना खेलाडीले सहभागिता जनाएको महासचिव सुवेदीले जानकारी दिए ।

जिल्लाबाट छनौट भएका खेलाडीहरु बिहीबार र शुक्रबार धुलिखेलमा हुने प्रदेशस्तरीय छनोटमा सहभागी हुनेछ भने साउन २२ देखि २५ गतेसम्म केन्द्रले छनोट गर्ने उनले बताए ।

केन्द्रले करिब ४० खेलाडी छनौट गरेर साउन २६ गतेबाट बन्द प्रशिक्षणमा राख्ने छ । बन्द प्रशिक्षणमा परेका खेलाडीको समूहबाट २३ खेलाडी छनौट गरेर साफ यु-१७ का लागि बिदाई गरिने छ । प्रतियोगितामा नेपालसहित भारत, भुटान, पाकिस्तान, बंगलादेश र श्रीलंकाले सहभागिता जनाउने छन् ।

## सर्पले डसेमा ध्यान दिनुपर्ने कुराहरु

☞ सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
☞ आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
☞ सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
☞ सुवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔ,
☞ झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
☞ घरवरिपरी सर्प बस्न सक्ने सम्भावित ठाउँको पहिचान गरी तिनलाई नष्ट गरौं,
☞ रातको समयमा बुट लगायर टर्च लाईट बालेर मात्र हिडौं,
☞ घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
☞ झुल लगायर खाटमा मात्र सुतौं ।
☞ सर्पको टोकाइबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल सम्पर्क नं.: ०५७-५९०३३३

"मकवानपुरको शिक्षामा शान, गुणास्तरीय शिक्षा, भुटनदेवी मा वि को पहिचान"

## भर्ना खुल्यो ! भर्ना खुल्यो ! भर्ना खुल्यो !

शैक्षिक गुणस्तरमा सामुदायिक विद्यालय तर्फ मकवानपुर जिल्लामै उत्कृष्ट नतिजा हासिल गर्न सफल यस भुटनदेवी मा. वि. हेटौडा-४ मा शैक्षिक सत्र २०८२ का लागि विज्ञान, व्यवस्थापन र ३ वर्षे डिप्लोमा सिभिल इन्जिनियरिङ्गमा धमाधम भर्ना खुल्यो।

**हाम्रा विशेषताहरू:**
१) अत्याधुनिक Computer lab, Science lab/Civil Engineering ल्याबको व्यवस्था भएको ।
२) Multimedia तथा Interactive Board को प्रयोग गरी कक्षा संचालन गरिने ।
३) उपयुक्त भौतिक पूर्वाधार सहितको प्रविधिमैत्री कक्षाकोठा तथा पर्याप्त खेल मैदान भएको ।
४) सुन्दर, शान्त एवम् रमणीय वातावरणमा अध्यापन गराइने ।
५) दक्ष एवम् अनुभवी शिक्षक/प्रशिक्षकहरूद्वारा अध्यापन गराइने ।
६) गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृत्रिको व्यवस्था भएको

**हाम्रो छात्रवृत्रि कार्यक्रम :**
SEE परीक्षामा
- 3.61 वा सो भन्दा माथि GPA प्राप्त गर्ने विधार्थीलाई भर्ना र मासिक शुल्कमा पूर्ण छुट ।
- GPA-3.21 देखि 3.6 सम्मा प्राप्त गर्ने विद्यार्थीलाई मासिक शुल्कमा पूर्ण छुट
- GPA-2.81 देखि 3.2 सम्म प्राप्त गर्ने विद्यार्थीलाई भर्ना र मासिक शुल्कमा ५०% छुट
- GPA-2.41 देखि 2.8 सम्म प्राप्त गर्ने विद्याधीलाई मासिक शुल्कमा ५०% छुट
- GPA-1.6 देखि 2.4 सम्म प्राप्त गर्ने विद्याथीलाई मासिक शुल्कमा २५%. छुट
- भर्ना फारम धमाधम वितरण भइरहेकोले तुरुन्त सम्पर्क गर्नु होना।

*थप जानकारीको लागि:*

**श्री भुटनदेवी माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)**
हेटौंडा-४, मकवानपुर
सम्पर्क नं.: ९८४५४५९८०५, ९८४५२८६८३०, ९८५५०७१६०७

## भर्ना खुल्यो ! भर्ना खुल्यो !
3 YEARS
HA, LAB TECHNOLOGY, PHYSIOTHERAPY, RADIOGRAPHY

SEE/SLC पास पछिको ३ वर्षे प्रमाणपत्र तहमा CTEVT बाट मान्यता प्राप्त यस शिक्षण संस्थामा शैक्षिक सत्र २०८२/०८३ को लागि निम्न कार्यक्रमहरुमा भर्ना खुल्यो । मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका (SEE/SLC) परिक्षामा अनिवार्य गणित, अंग्रेजी र विज्ञान विषयलिई समग्रमा Grade Point Average (GPA) न्यूनतम २ प्राप्त हुनु पर्नेछ ।

**MTI का विशेषताहरू**
- उत्कृष्ट एवं अनुभवी प्राध्यापकहरुद्वारा अध्यापन गराईने
- उत्कृष्ट पूर्वाधार प्राप्त-OJT को व्यवस्था
- स्वच्छ, शान्त, पारिवारिक एवं मनोरम शैक्षिक वातावरणमा पठनपाठन हुने
- विद्यार्थीहरुलाई प्रोजेक्टरको माध्यमबाट पठनपाठन गराईने
- उत्कृष्ठ ल्याबको सुविधा
- उत्कृष्ठ नतिजा
- २९ वर्ष देखि निरन्तर चलिरहेको संस्था

CTEVT को स्वास्थ्य विषयमा पढ्न चाहने विद्यार्थीहरुलाई सुवर्ण अवसर

**कार्यक्रमहरु**

| | |
|---|---|
| Health Assistant (HA) | 40 सिट |
| PCL Lab Technology | 30 सिट |
| PCL Radiography | 30 सिट |
| PCL Physiotherapy | 40 सिट |

फारम शुल्क रु १०००/-

- फारम वितरण मिति: २०८२/०४/०६ गते मंगलवार देखि
- फारम बुझाउने अन्तिम मिति: २०८२।०४।२५ गते आइतवार बेलुका ४:३० सम्म

**मकवानपुर टेक्निकल इन्ष्टिच्युट**
हेटौडा-५ भैरव रोड, सम्पर्क: ०५७-५२१८५२, ९८५५०३१९१०, ९८६०२०२६७१, ९८५५०१२८५२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना